# लिखु तामाकोशी गाउंपालिका
# जनप्रतिनिधि (पदाधिकारी) आचारसंहिता, २०८२

लिखु तामाकोशी गाउंपालिका
लिखु तामाकोशी गाउं कार्यपालिकाको कार्यालय
धोबी बजार, रामेछाप



" अनुशासित र मर्यादित भइ आफ्नो जिम्मेवारी र कर्तव्य पालना गरौं "
" लिखु तामाकोशी गाउंपालिकालाई समृद्द र समुन्नत बनाउं "

# लिखु तामाकोशी गाउंपालिका
# जनप्रतिनिधि (पदाधिकारी) आचारसंहिता, २०८२

लिखु तामाकोशी गाउंपालिका
लिखु तामाकोशी गाउं कार्यपालिकाको कार्यालय
धोबी बजार, रामेछाप

# लिखु तामाकोशी गाउंपालिका
# जनप्रतिनिधि (पदाधिकारी) आचारसंहिता, २०८२

**प्रस्तावना:**

नेपालको संविधान २०७२ बमोजिम सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन व्यवस्थाको अभ्यास तथा प्रबर्धन गर्दै संघ, प्रदेश र स्थानीय तह बीच सुमधुर अन्तर-सरकार सम्बन्ध कायम गर्न, स्थानीय शासन व्यवस्थामा जनताको अर्थपूर्ण सहभागिता प्रबर्दन गर्दै जनमुखी, सेवामुखी, जनउत्तरदायी, पारदर्शी तथा सुशासनयुक्त स्थानीय शासनको प्रत्याभूति गर्न, स्थानीय सरकारलाई जनताको विश्वासिलो शासकीय इकाईका रुपमा स्थापित गर्न, स्थानीय सरकारबाट समाजका विभिन्न वर्ग, धर्म, लिङ्ग, जातजातिका मौलिक संस्कृति प्रति सम्मान र सहिष्णु भावनाको विकास गर्न तथा कानुनी राज्य र संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरूको न्यायोचित, सन्तुलित तथा पारदर्शी वितरण गर्न र दीगो विकासको अवधारणालाई मूर्त रुप दिन लिखु तामाकोशी गाउंपालिकाका जनताबाट निर्वाचित जनप्रतिनिधि (पदाधिकारी) हरुको आचरण र क्रियाकलापहरुलाई सोही अनुरुप मर्यादित बनाउन वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११२ बमोजिम लिखु तामाकोशी गाउंपालिकाको.............औं गाउंसभाको वैठकबाट **“लिखु तामाकोशी गाउंपालिकाका, जनप्रतिनिधि (पदाधिकारी) आचारसंहिता, २०८१”** स्वीकृत गरी जारी गरिएको छ।

## परिच्छेद - एक
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो आचारसंहिताको नाम **“लिखु तामाकोशी गाउंपालिका, जनप्रतिनिधि (पदाधिकारी) आचारसंहिता, २०८२”** रहेको छ।

(२) यो आचारसंहिता लिखु तामाकोशी गाउंपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

**२.परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

(क) “अध्यक्ष” भन्नाले लिखु तामाकोशी गाउंपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

(ख) “उपाध्यक्ष” भन्नाले लिखु तामाकोशी गाउंपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले लिखु तामाकोशी गाउंपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(घ) “आचारसंहिता” भन्नाले लिखु तामाकोशी गाउंपालिकाका जनप्रतिनिधि (पदाधिकारी) आचारसंहिता, २०८१ लाई जनाउनेछ।

(ङ) “अनुगमन समिति” भन्नाले यस आचारसंहिता अनुसार गठित आचारसंहिता अनुगमन समितिलाई सम्झनुपर्दछ।

(च) “कार्यपालिका” भन्नाले लिखु तामाकोशी गाउंपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(छ) "पदाधिकारी" भन्नाले लिखु तामाकोशी गाउंपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्य तथा गाउंसभाका सदस्य समेतलाई सम्झनुपर्दछ। यस शब्दले गाउंपालिकाले आफ्नो कार्य सम्पादनका सिलसिलामा गठन गरेका जुनसुकै समिति वा उपसमिति वा कार्यदलका सदस्य समेतलाई जनाउंदछ।

(ज) "सभा" भन्नाले गाउंसभालाई बुझाउनेछ।

(झ) "स्थानीय तह" भन्नाले लिखु तामाकोशी गाउंपालिकालाई जनाउनेछ।

(ञ) "गाउंपालिका" भन्नाले लिखु तामाकोशी गाउंपालिकालाई जनाउनेछ।

**३. आचारसंहिताको पालना :**

देहायका व्यक्तिहरुले यो आचारसंहिताको पालना गर्नुपर्नेछ:

(क) गाउंपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्यहरु तथा गाउंसभाका सदस्यहरु,

(ख) पदाधिकारीको हैसियतले गाउंकार्यपालिकाको कार्यालय, गाउंसभा, वडा, वडा समिति, समिति, उपसमिति, अन्य समिति तथा कार्यदलमा संलग्न वा कार्यरत जनप्रतिनिधिहरु,

(ग) गाउंपालिकाको काम वा निर्णयमा संलग्न जनप्रतिनिधिहरु।

## परिच्छेद - दुई
## जनप्रतिनिधि (पदाधिकारी) का आचरणहरु

**३. सामान्य आचरणहरुको पालना गर्नुपर्ने :**

जनप्रतिनिधि (पदाधिकारी) हरुले देहायमा उल्लेख भए बमोजिमका सामान्य आचरणहरु अवलम्वन तथा पालना गर्नुपर्नेछ। जसको अवलम्वन गर्न पदाधिकारीहरुले निम्न प्रतिबद्धता व्यक्त गर्नुपर्नेछ:

३.१ नेपालको स्वतन्त्रता, स्वाधीनता, स्वाभिमान, राष्ट्रिय एकता, भौगोलिक अखण्डता र जनतामा निहित सार्वभौमसत्ताप्रति प्रतिबद्ध रहने :

(क) प्रत्येक पदाधिकारीले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको अक्षुण्णतामा प्रतिकूल हुने कार्य नगर्ने।

(ख) प्रत्येक पदाधिकारीले राष्ट्र विरुद्ध हुने कार्यमा सघाउ पुर्याउने, गोपनीयता भङ्ग गर्ने, राष्ट्रिय सुरक्षामा आँच पुर्याउने जस्ता कार्यहरु गर्न वा त्यस्तो कार्यमा सहयोग पुर्याउने कार्य नगर्ने वा नगराउने।

(ग) हरेक पदाधिकारीले पदीय जिम्मेवारी पालना गर्दा सदैव राष्ट्र र जनताको बृहत्तर हितलाई ध्यानमा राखी कार्य गर्ने।

(घ) कुनै पनि व्यक्ति वा निकायले जनतामा निहित सार्वभौमसत्ता, राष्ट्रिय एकता, स्वाधीनता, सामाजिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सौहार्दतामा आँच पुर्याउने गरी कार्य गरेमा त्यस्तो कार्य निरुत्साहित गर्ने गराउने।

३.२ संघ, प्रदेश र स्थानीय तह बीचको सुसम्वन्धमा जोड दिने :

(क) पदाधिकारीहरुवाट संघ, प्रदेश र स्थानीय तहबीचको सुसम्वन्ध, कार्यक्षेत्र, अधिकारक्षेत्र, कार्यप्रणाली वा संस्थागत प्रबन्धमा कुनै आँच पुर्याउने वा दखल दिने वा अन्तर सरकार सम्बन्धमा खलल पार्ने कुनै क्रियाकलाप गर्ने वा वक्तव्य दिने वा प्रकाशन गर्ने वा प्रचार प्रसार नगर्ने ।

(ख) कुनै पनि आधारमा स्थानीय तहका वासिन्दाहरुलाई भेदभाव गर्ने वा समान सुरक्षा, सेवा, सुविधा र संरक्षणबाट बञ्चित नगर्ने ।

तर महिला, वालवालिका, अपांगता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक लगायत पछि परेका वर्ग, क्षेत्र तथा समुदायको हकहितका लागि विशेष व्यवस्था र संरक्षण गर्न हुने ।

(ग) अन्तर स्थानीय सरकार तथा अन्तर तहगत सरकारवीच वस्तु वा सेवाको निर्वाध आवागमनलाई कुनै बाधा व्यवधान नगर्ने वा भेदभाव नगर्ने ।

३.३ बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली, स्वशासन र स्वायत्त शासन, संघ, प्रदेश र स्थानीय सरकारबाट राज्यशक्तिको प्रयोग तथा विश्वव्यापी मानव अधिकार र मौलिक अधिकारका मान्य सिद्धान्तको प्रबर्धन गर्ने :

(क) जनतामा निहित सार्वभौमसत्ता, स्वशासन तथा स्वायत्त शासन, संघ, प्रदेश र स्थानीय तहबाट राज्यशक्तिको प्रयोग, संघीय लोकतान्त्रिक गणतन्त्रका मान्य सिद्धान्तहरुलाई उच्च सम्मान र आत्मसात गर्ने ।

(ख) संघीय लोकतान्त्रिक प्रणाली, स्थानीय स्वायत्तता र तल्लो तहमा अधिकारको विकेन्द्रीकरणका सिद्धान्त तथा नीतिलाई अनादर गर्ने, जनताप्रतिको उत्तरदायित्वलाई अस्वीकार गर्ने, अबहेलना गर्ने, अन्तर सरकार सम्बन्ध एवं स्थानीय तह र साझेदार संघ संस्थासंग कानुन बमोजिमको सम्बन्धमा खलल पार्ने जस्ता कुनै लेख, समाचार, भाषण, वक्तव्य प्रकाशन वा प्रशारण गर्न वा गराउन नहुने।

तर यस कुराले उल्लेखित बिषयमा अनुसन्धानमूलक कुनै लेख रचना प्रकाशित गर्न र सो अनुरुप धारणा राख्न रोक लगाएको नमानिने।

३.४ साधन श्रोतको सदुपयोग गर्ने :

(क) कानुन बमोजिम आफूले पाउने सेवा सुविधा बाहेक स्थानीय तहको साधन, श्रोत, नगद वा जिन्सी कुनै पनि प्रकारले मास्न, उपभोग गर्न र दुरुपयोग गर्न गराउन नहुने ।

(ख) कुनै पनि पदाधिकारीले सार्वजनिक स्रोतको प्रयोग गर्दा अधिकतम सदुपयोग गर्नुपर्ने र त्यस्तो स्रोतको उत्पादनशील कार्यमा प्रयोग गर्नुपर्ने ।

३.५ आफ्नो जिम्मेवारीको विषय क्षेत्रको कामलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने:

(क) हरेक पदाधिकारीले कानुनले तोके बमोजिमका पदाधिकारीलाई वा अधिकारीलाई पूर्व जानकारी नदिई आफुले सेवा दिने स्थान छोडी अन्यत्र जान नहुने ।

(ख) पदाधिकारीले प्रचलित कानुनमा तोकिएभन्दा बढी समयका लागि आफ्नो कार्यक्षेत्र छोड्नुपर्दा वा कार्यक्षेत्रभन्दा बाहिर जानुपर्ने भएमा कानुनले तोके बमोजिमका जनप्रतिनिधि वा पदाधिकारीलाई वा अधिकारीलाई आफ्नो पदको अख्तियारी नदिई जान नहुने ।

३.६ गैरकानुनी आश्वासनलाई निरुत्साहित गर्ने :

(क) संविधान तथा प्रचलित कानुनले दिएको अधिकारक्षेत्रभन्दा बाहिरका काम गरिदिन्छु भनी कसैलाई आश्वासन दिन नहुने।

(ख) कानुन बमोजिम गर्नुपर्ने काम गर्न वा सेवा दिनका लागि आनाकानी वा ढिलाई गर्ने, जानीजानी अनावश्यक झन्झट दिने वा आफ्नो अधिकारक्षेत्र बाहिरको काम गरिदिन वा गराई दिनेछु भनी आश्वासन वा भरोसा पर्ने कुनै काम गर्न वा गराउन नहुने।

(ग) प्रचलित कानुन बमोजिम स्वीकृत योजना वा कार्यक्रम बाहेक कुनै थप अन्य कार्यक्रम वा योजना कुनै व्यक्ति, संघ संस्था वा समुदायलाई स्वीकृत गरिदिन वा गराईदिने आश्वासन दिन नहुने।

(घ) आफ्नो लागि वा अरू कसैको लागि अनुचित लाभ पुग्ने गरी पदको दुरूपयोग गर्ने कार्य गर्न गराउन नहुने।

३.७ राजनीतिक आस्थाका आधारमा भेदभावपूर्ण कार्य नगर्न नगराउन दृढ रहने :

(क) राजनीतिक आस्था वा विचारका आधारमा कार्यपालिका वा सभाका सदस्यहरु वा कर्मचारीहरु वा सेवाग्राही तथा आम नागरिकहरुसंग आफ्नो अर्काको वा तेरोमेरोको भावना राखी कुनै कार्य गर्न गराउन नहुने।

(ख) आफू सम्बद्ध राजनीतिक दल वा सम्बद्ध कुनै निकाय वा संघ संस्थालाई मात्र नीजि लाभ पुग्ने वा सुविधा हुने गरी कुनै निर्णय वा योजना वा कार्यक्रम नगर्ने नगराउने वा कार्यान्वयन नगर्ने तथा त्यस्तो कार्य गर्न नहुने।

३.८ सामाजिक सौहार्दता र समावेशीकरणप्रति दृढ संकल्पित रहने :

(क) सामाजिक सदभाव, सौहार्दता तथा प्रेमभाव खल्बल्याउन नहुने: विभिन्न जातजाति, भाषा, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका बीच सामाजिक सदभाव र सौहार्दता खल्बल्याउने कुनै काम वा अन्य कुनै व्यवहार गर्न वा गराउन नहुने। कुनै सम्प्रदायबीचको सुसम्वन्धमा खलल पर्ने गरी क्रियाकलाप गर्न गराउन र प्रचार प्रसार गर्न गराउन नहुने।

(ख) छुवाछुतलाई प्रश्रय दिने व्यवहार गर्न नहुने। कुनै बिचार ब्यक्त गर्दा जातीय, धार्मिक, सांस्कृतिक वा सामाजिक विद्वेष वा धार्मिक भेदभाव जनाउने खालका काम कुरा गर्ने वा उखान टुक्का प्रयोग गर्ने वा कुनै जाती, भाषा, धर्म, संस्कृति वा समुदायको स्वाभिमानमा धक्का लाग्ने वा आघात पुग्ने खालका शब्द वा वाणीहरुको प्रयोग गर्न नहुने।

(ग) कुनै पनि जातजाति, धर्म, वर्ण, लिङ्ग, भाषा आदिका आधारमा भेदभाव गर्न हुँदैन तथा सबै समुदायका कानुनी हकहित र मौलिक संस्कृति प्रति बोली र व्यवहार दुबै तवरबाट प्रतिकुल असर पर्ने गरी कार्य गर्न गराउन नहुने।

(घ) कुनै पनि समुदायको परम्परा देखिको धर्म अवलम्वन गर्ने धार्मिक स्वतन्त्रताको सम्मान गर्नुपर्ने। आफ्नो क्षेत्रभित्र कसैको धर्म परिवर्तन गर्ने गराउने कुनै पनि क्रियाकलापमा संलग्न वा प्रोत्साहन गर्न नहुने।

(ङ) कुनै विदेशी नागरिक वा संस्थाले नेपालको सभ्यता, नेपाली जनताबीचको सदभाव बिगार्ने वा भडकाउने काम गरेको वा गर्न लागेको जानकारी भएमा तत्काल सम्बन्धित निकायमा सूचित गर्नुपर्ने।

३.९ पदाधिकारीबीच कार्यजिम्मेवारीको न्यायोचित बाँडफाँड गर्ने :

(क) पदाधिकारीहरुबीच जिम्मेवारी, अधिकार वा सुबिधा वा दायित्वको बाँडफाँड गर्दा राजनीतिक दलसँगको सम्बद्धता वा राजनीतिक आस्था वा महिला वा पुरुष वा सामाजिक समावेशीकरणका आधारमा भेदभाव गर्न नहुने।
तर कानुन बमोजिम बिशेष जिम्मेवारी र अवसर दिनका लागि उल्लेखित प्रावधानले रोक लगाएको नमानिने।

३.१० कसैको स्वाभिमान र अस्तित्वमा कुनै आँच आउन नदिने :

(क) पदाधिकारीले सबैसंग शिष्ट र मर्यादित बाणी तथा शव्दको प्रयोग गर्नुपर्ने। शालिन र स्वभाविक सामाजिक आचरणहरु अबलम्बन गर्नुपर्ने। जनतासंग हार्दिक, नम्र र आदरपूर्वक व्यवहार गर्नुपर्ने।

(ख) पदाधिकारीबाट कार्यपालिका र सभाका सदस्यहरु तथा कार्यालयमा कार्यरत कर्मचारीहरु वीचमा एक अर्काप्रति झुठा लाञ्छना लगाउने, रिस राग द्वेष राख्ने तथा एक अर्काको बिषयमा अप्रासांगिक टिकाटिप्पणी गर्ने वा अतिसयोक्तिपूर्ण अभिव्यक्ति दिन नहुने ।

(ग) पदाधिकारीले निर्वाचित जनप्रतिनिधि, कर्मचारी, सेवाग्राही प्रति राम्रो व्यवहार र शीष्ट भाषाको प्रयोग गर्नुपर्ने।

(घ) पदाधिकारीले संस्थागत रुपमा कुनै धारणा व्यक्त गर्दा स्थानीय तह, यसका निर्णयहरु वा कुनै पदाधिकारी वा कर्मचारीलाई होच्याउने वा अनादर गर्ने भाषा वा अभिव्यक्ति दिन वा दिन लगाउन नहुने।

(ङ) पदाधिकारी तथा कर्मचारी बीच एक अर्काको काम, पेशागत मर्यादा र कार्यगत स्वायत्तताको सम्मान गर्ने वातावरण सिर्जना गर्नुपर्ने।

(च) पदाधिकारीहरुले एकअर्काको व्यक्तिगत रुपमा टिका टिप्पणी गर्न नहुने।
तर कामसँग सम्बन्धित बिषयमा स्वस्थ रुपमा एक अर्काका कमी कमजोरी तथा सवल पक्षहरुलाई औंल्याउन कुनै बाधा नपुग्ने।

(छ) पदाधिकारीहरुले एक अर्काका बिषयमा सकारात्मक तवरले छलफल गर्ने, सुझाव दिने, आलोचना तथा टिप्पणीहरु राख्नुपर्ने र एक अर्कालाई पदीय काम गर्नमा सहयोग, उत्साह र प्रेरणा प्रदान गर्नुपर्ने।

(ज) जनप्रतिनिधि पदाधिकारीहरुले कार्यसम्पादनको सिलसिलामा कर्मचारीलाई उचित र मर्यादित व्यवहार गर्नुपर्ने।

३.११ सामाजिक मान्यता विरुद्धका आचरणहरु निरुत्साहित गर्ने :

(क) कार्यालय समयमा वा पदीय कामका सिलसिलामा मादक पदार्थ वा लागु पदार्थको सेवन गर्न नहुने। कार्यालय हाताभित्र तथा सार्वजनिक सभा, समारोह, बैठक, आदि स्थलहरुमा मद्यपान, धुम्रपान, खैनी, सूर्ती, गुट्का वा पान सेवन गर्न नहुने।

(ख) अन्धविश्वास, अपसंस्कृति, रुढीवादजस्ता पुरातन एवम् अबैज्ञानिक मान्यता तथा चालचलन विरुद्धको सामाजिक रुपान्तरण प्रकृयामा सहभागिता जनाउनु पर्ने।

(ग) पदाधिकारीहरुले सार्वजनिक स्थल तथा खुला ठाउँमा जुवा, तास खेल्ने, बाजी लगाउने आदि जस्ता व्यवहारहरु गर्न नहुने।

(घ) पदाधिकारीले कानुनतः मानव अधिकारको हनन ठहरिने, कानुनले वन्देज लगाएका तथा सभा वा कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सामाजिक मर्यादा विपरितका भनी तोकेका समुदायमा प्रचलित कुरीतिहरुले बढावा पाउने व्यवहार गर्न नहुने।

(ङ) पदाधिकारीले विभिन्न जातजाति वा धर्म सम्प्रदायका प्रचलित सामाजिक संस्कारहरु जस्तै, विवाह, ब्रतबन्ध, पास्नी, जन्मोत्सव, भोज, आदिमा समुदायमा गलत प्रतिस्पर्धाको भावना ल्याउने खालका तडक भडकलाई निरुत्साहित गर्नुपर्ने र तडकभडक गर्न अरुलाई प्रोत्साहन गर्न नहुने।

(च) पदाधिकारीको हैसियतले कुनै निर्णय गर्दा राजनीतिक, सामाजिक, आर्थिक वा कुनै पनि आधारमा आफ्नो अर्काको भन्ने पक्ष नलिई तटस्थ भूमिका निर्वाह गर्नुपर्ने।

(छ) लिङ्ग, उमेर, भाषा, धर्म, आर्थिक अवस्था आदिका आधारमा भेदभाव जनाउने गरी अरुको सामाजिक संस्कार वा वर्गीय हक हितका बिषयहरुमा नकरात्मक टिप्पणी गर्न नहुने।

(ज) पदाधिकारीले आफ्नो क्षेत्रभित्र विद्यमान सामाजिक कुरीति तथा कुसंस्कारका रुपमा रहेका वालविवाह, वहुविवाह, लैंगिक हिंसा, बोक्सा बोक्सी, दाइजो प्रथा, छुवाछुत, जातिगत उचनीचता, व्यक्तिगत घटना दर्ता नगर्ने प्रबृति, खोप नलगाउने अवस्था, खुला दिशा गर्ने आदि जस्ता कुप्रथा र कुप्रचलनलाई निर्मूल गर्न सघाउ पुर्याउनुपर्ने ।

३.१२ स्थानीय तहबाट प्रदान गर्ने सेवा, सुविधा, निर्णय प्रक्रिया र सूचनामा जनताको पहुँच बढाउने :

(क) प्रत्येक नागरिकलाई सरोकार हुने सेवा सुविधा र निर्णयबारे सूचना माग भएमा उपलब्ध गराउनु पर्ने।
तर प्रचलित कानुन तथा आचारसंहितामा उल्लेख भएको तरिकाले बाहेक कुनै पदाधिकारी, व्यक्ति वा समूहलाई आर्थिक कारोवारमा लाभ वा हानी पुग्ने वा कसैको सम्पति वा जीउ—ज्यानमा हानी नोक्सानी पुग्ने सूचनाहरु र गोप्य राख्नुपर्ने कुरा तथा सूचनाहरु प्रसारण गर्न वा सार्वजनिक गर्न वा गराउन वा उपलब्ध गराउन नहुने।

(ख) देश, समाज वा स्थानमा शान्ति सुरक्षा कायम राख्ने, राष्ट्रिय अखण्डतालाई कमजोर बनाउने र समुदायको सौहार्द सम्बन्धमा असर वा खलल पार्ने खालका सूचनाहरु सार्वजनिक गर्न वा गराउन नहुने।

३.१३ वदनियत तथा अनधिकृत काम गर्न गराउनबाट रोक्ने :

(क) प्रचलित कानुन बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दा वदनियत वा स्वेच्छाचारी रुपमा गर्नु वा गराउनु हुँदैन। यस्तो अधिकारको प्रयोग सकेसम्म खुला एवं सहभागितामूलक रुपमा छलफल गरी गर्नुपर्ने।

(ख) आफू वा अन्य कुनै व्यक्ति वा संस्थाबाट अन्य पदाधिकारी वा कार्यालय वा संघ संस्था वा कर्मचारी वा व्यक्तिलाई अनधिकृत काम गराउन नहुने।

३.१४ लैङ्गिक समानताको प्रबर्धन गर्ने :

(क) कसैलाई लिङ्गको आधारमा भेदभाव झल्कने कुनै कार्य गर्न नहुने। लिङ्गको आधारमा कसैको क्षमता माथि आँच आउने गरी कुनै कामकाज गर्न, नीति, कानुन वा संरचना बनाउन नहुने।

(ख) फरक लिङ्ग वा अवस्थाका पदाधिकारी, कर्मचारी, सेवाग्राही तथा आम नागरिकप्रति अस्वस्थ आलोचना गर्ने, जिस्क्याउने तथा उनीहरुको मनोवल घटाउने खालका अभिव्यक्ति दिने, दिन लगाउने वा कुनै पनि माध्यमवाट कुनै यौनजन्य दुराशय हुने खालका कुनै कामकारवाही गर्न गराउन वा यौनजन्य अस्लिल तस्विरहरु प्रकाशित गर्ने, प्रदर्शन गर्ने, आशय देखाउने, अनुचित लाभका दृष्टिले काममा अल्झाउने जस्ता हैरानी पार्ने व्यवहार गर्न वा गराउन नहुने।

(ग) लेखेर, बोलेर, भाषण गरेर वा जुनसुकै माध्यमबाट पनि महिला तथा पुरुषबीचमा भेदभाव जनाउने खालका काम वा व्यवहार गर्न वा उखान टुक्का, थेगो वा शब्दहरुको प्रयोग गर्न गराउन नहुने।

(घ) लैङ्गिक आधारमा भएका घरेलु हिंसा र भेदभावका घटनाहरुलाई लुकाउने र गोप्य राख्ने कार्य गर्ने वा सहयोग पुर्याउने कार्य गर्न गराउन नहुने।

३.१५ बालवालिकाको सर्वाङ्गिण विकास र हक हित प्रति सचेत रहने :

(क) वालवालिकाको सार्थक सरोकारका बिषय तथा स्थानीय विकास र शासन प्रक्रियामा वालवालिकाको सार्थक सहभागितालाई होच्याउने वा अवमूल्यन गर्ने विचार व्यक्त गर्ने, अभिव्यक्ति दिने वा त्यस्तो व्यवहार गर्ने कार्य गर्न गराउन नहुने।

(ख) आफ्नो परिवारमा बालश्रमिक राख्नु हुँदैन। समुदायमा बालश्रम वा बालशोषणलाई संरक्षण वा प्रोत्साहन हुने कुनै किसिमका क्रियाकलाप गर्न गराउन नहुने।

**४. सार्वजनिक सम्पतिको प्रयोग तथा सुविधा सम्वन्धी आचारणहरुको पालना गर्ने:**

पदाधिकारीहरुले सार्वजनिक सम्पतिको प्रयोग तथा सुविधा सम्वन्धमा देहायका आचारणहरु पालना गर्न प्रतिबद्धता व्यक्त गर्नुपर्नेछ :

(क) पदाधिकारीले कानुन बमोजिम तथा कार्यालयको काममा वाहेक स्थानीय तहको मानवीय, आर्थिक वा भौतिक श्रोत साधनको दुरुपयोग गर्न गराउन नहुने।

(ख) आफ्नो पदीय ओहदाको आधारमा कुनै समिति, संस्था वा व्यक्तिहरुबाट निजी तथा व्यक्तिगत लाभ पुग्नेगरी सेवा तथा सुविधाहरु लिन वा लिन लगाउन नहुने।

(ग) स्थानीय तहको सेवा प्राप्त गरे वा सार्वजनिक सम्पतिको प्रयोग गरे वापत पदाधिकारी, कर्मचारीले बुझाउनु पर्ने कर, शुल्क, सेवा शुल्क दस्तुर, भाडा बुझाउनबाट छुट लिने दिने गरी निर्णय गर्न वा गराउन नहुने।

(घ) स्थानीय तहका पदाधिकारीहरुले आफूले प्राप्त गर्ने सरकारी सुविधाहरुको विवरणको अभिलेख राख्नुपर्ने।

**५. नीति निर्माण, योजना तर्जुमा र निर्णय सम्बन्धी आचारणहरुको पालना गर्ने:**

५.१ पदाधिकारीहरुले आफू समेत संलग्न भई कुनै निर्णय गर्नुपर्ने बैठकमा छलफलमा भाग लिनुपूर्व देहाय बमोजिमका सूचनाहरु सम्वन्धित भए सो दिनुपर्ने वा जानकारी गराउनुपर्ने तथा देहायबमोजिम गर्नुपर्ने :

(क) स्थानीय तहको भर्ना प्रकृया, खरीद, बिक्री वा ठेक्कापट्टाको निर्णय प्रकृया, कुनै किसिमको दण्ड जरिवाना वा मिनाहा गर्ने निर्णय प्रकृया, कुनै पक्षसंगको सम्झौताको म्याद थप वा खारेजीका बिषयमा वा त्यस्तै कुनै निर्णय गर्नुपर्ने विषयसँग सम्बन्धित व्यक्तिसँग आफ्नो कुनै स्वार्थ वा रिसइवी वा लेनदेन वा अन्य कुनै प्रकारको नाता, सम्वन्ध रहेको भए सो कुरा,

(ख) स्थानीय तहको नीति निर्णयबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लाभ वा हानी हुने व्यक्ति, संस्था, पक्ष वा कम्पनीसँग लिनुदिनु भए सोको बिवरणहरु,

(ग) कुनै पेशा वा व्यवसायिक संघ संस्थामा पदाधिकारीको प्रतिनिधित्व, लगानी, शेयर, हित वा स्वार्थ भए सोको बिवरण र त्यस्तो काममा लगाउने संस्था सम्बन्धी विवरण,

(घ) यदि कुनै पदाधिकारीको निर्णय गर्नुपर्ने पक्ष वा बिषयसंग सम्बन्ध रहेछ भने बैठकको अध्यक्षले त्यस्तो पदाधिकारीलाई बैठकको निर्णय प्रकृयामा तटस्थ रहन वा भाग नलिनका लागि निर्देश गर्नुपर्ने।

(ङ) पदाधिकारीले उपभोक्ता समिति गठन सम्बन्धी कार्यविधि बमोजिम कुनै विकास निर्माण कार्यको लागि गठन हुने उपभोक्ता समितिमा रही कार्य गर्न नहुने।

<u>५.२ सहभागितामूलक तथा पारदर्शी रुपमा नीति निर्माण र निर्णय गर्ने</u> :

(क) पदाधिकारीहरुले योजनाको छनौट, प्राथमिकीकरण, बजेट, योजना, कार्यान्वयन, अनुगमन, मूल्यांकनका विषयहरुमा लाभग्राही, उपभोक्ता तथा सरोकारवाला समूहको व्यापक सहभागिता र प्रतिनिधित्व गराएर निर्णय गर्नुपर्ने।

(ख) निर्णय गर्दा कानुनले तोकेको अवधिभित्र निर्णय गर्नुपर्छ। कानुनले समय नतोकेको अवस्थामा बिषयको प्रकृति हेरी यथासम्भव छिटो र उपयुक्त समयावधि भित्र निर्णय गर्न पर्ने। तर कुनै कारणले निर्णय गर्न लाग्ने समयावधि लम्विने भएमा वा निर्णय गर्न नसकिने भएमा सोको तथ्यपूर्ण जानकारी संवन्धित पक्षलाई उपलब्ध गराउनुपर्ने।

(ग) पदाधिकारीले नागरिक वा सेवाग्राहीलाई नअल्मल्याउने गरी स्पष्ट राय तथा सल्लाह दिनुपर्ने।

## ६. पुरस्कार, उपहार, दान, चन्दा वा निजी सेवा, सुविधा र लाभ ग्रहण सम्बन्धी आचरणहरुको पालना गर्ने:

पदाधिकारीहरु पुरस्कार, उपहार, दान, चन्दा वा निजी सेवा, सुविधा र लाभ ग्रहण सम्बन्धमा देहायका आचारहरुको पालना गर्न गराउन प्रतिबद्ध रहंदै :

(क) कानुन बमोजिम आफ्नो कर्तव्य निर्वाह गर्ने सिलसिलामा कसैबाट कुनै प्रकारको नगद वा सेवा सुविधाको रुपमा उपहार, पुरस्कार, चन्दा लिनु हुदैन। त्यस्तो सेवा सुविधा दिनका लागि वाध्य पार्ने कुनै व्यवहार गर्न वा गराउन नहुने।

(ख) स्थानीय तहसंग कुनै खास विषयमा स्वार्थ निहित भएको वा सम्भाव्य स्वार्थ भएको कुनै व्यक्तिबाट कुनै प्रकारको मैत्रीपुर्ण व्यवहार र आमन्त्रण, भोज भतेर, खानपिन, मनोरञ्जन, वसोवास सुविधा, भाडा सुविधा, आदि लिन वा दिन नहुने।

(ग) पदाधिकारीहरुले आफ्नो स्थानीय तहलाई जानकारी नदिई कुनै व्यक्ति, संस्था वा निकायबाट दान, वक्सिस, चन्दा, उपहार, कोसेली स्वीकार गर्न नहुने।

तर बिशुद्ध पारिवारिक सम्बन्ध र व्यक्तिगत मित्रताको आधारमा प्रदान गरिएको दान, दातव्य, ऋण, उपहार वा कोशेली ग्रहण गर्न बाधा पर्ने छैन।

## ७. सामुदायिक संघसंस्था, निजी क्षेत्र, विकास साझेदार, गैर सरकारी संस्थासंगको साझेदारी सम्बन्धी आचरणहरुको पालना गर्ने :

पदाधिकारीहरुले विकास साझेदार, गैर सरकारी संस्था, सामुदायिक संघसंस्था र निजी क्षेत्र संगको साझेदारी गर्दा देहायका आचरणहरुको पालना गर्न प्रतिबद्ध रहने :

(क) विकास साझेदार निकाय, गैर सरकारी संस्था, सामुदायिक संघसंस्था, निजी क्षेत्रसँग संस्थागत सम्वन्ध र समन्वय प्रबर्धन गर्नुपर्ने। व्यक्तिगत लाभहानीका आधारमा व्यवहार गर्न नहुने।

(ख) विकास साझेदार निकाय, गैर सरकारी संस्था, सामुदायिक संघसंस्था, निजी क्षेत्रसँगको आफ्नो क्षेत्रभित्रको योजना, कार्यक्रम, बजेट तथा प्रतिवेदन कार्यलाई एकीकृत रुपमा अगाडी बढाउनुपर्ने।

**८. निष्पक्षता, सम्मान र कदरपूर्ण व्यवहार सम्बन्धी आचरणहरुको पालना गर्ने:**

पदाधिकारीहरुले आफ्नो कार्यसम्पादन गर्दा निष्पक्षता, सम्मान र कदरपूर्ण व्यवहारका साथ देहायका आचरणहरुको पालना गर्ने:

(क) स्थानीय तहको संस्थागत एवं कार्यगत स्वतन्त्रता र निष्पक्षता अभिवृद्धि गर्न प्रयत्नशील रहने।

(ख) पदाधिकारीले पदीय कर्तव्य निर्वाह गर्दा वाह्य वा आन्तरिक क्षेत्रबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले आउने प्रभाव, प्रलोभन, दवाव, भनसुन, धम्की, आग्रह आदिबाट प्रेरित वा प्रभावित नभई कार्य सम्पादन गर्ने।

(ग) आफ्नो पदीय कर्तव्य पुरा गर्दा मोलाहिजा नराखी निर्भिक र स्वतन्त्रतापूर्वक कार्य सम्पादन गर्ने गराउने।

(घ) कुनै कर्मचारीलाई कार्यसम्पादनको सिलसिलामा अनुचित प्रभाव पार्न वा दबाब दिन नहुने।

(ङ) प्रचलित कानुनले निषेध गरेको कुनै कार्य गर्न वा गराउन नहुने।

(च) कर्तब्य पालना गर्दा जानकारीमा आएको कानुन बमोजिम गोप्य राख्नुपर्ने विषय वा कागजात वा व्यहोरा प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट प्रकाशन गर्न वा गराउन नहुने।

(छ) पदाधिकारीले आफुले गर्ने काम निर्धारित समयभित्र सम्पादन गर्नुपर्ने। कानुन बमोजिम सम्पादन गर्नुपर्ने काम समयभित्रै सम्पन्न नगरी आफूले गर्ने काम पन्छाउन नहुने।

**(९) अन्य आचरणहरुको पालना गर्ने**:

पदाधिकारीहरुले देहाय बमोजिमका अन्य आचरणहरुको परिपालना गर्न प्रतिबद्ध रहने:

(क) आफ्नो सम्पति विवरण तोकिएको समयभित्र सम्वन्धित निकायमा बुझाई नियमानुसार सार्वजनिक गर्नुपर्ने।

(ख) गाउंपालिकाको काममा कुनै प्रकारको असर पर्न सक्ने गरी वा संविधान र प्रचलित कानुन विपरित हुने गरी स्थानीय तहको स्वीकृती विना कसैवाट कुनै प्रकारको दान, दातव्य, कोसेली, उपहार आफुले स्वीकार गर्न र आफनो परिवारको कुनै सदस्यलाई त्यस्तो बिषय स्वीकार गर्न लगाउनु हुदैन। विदेशी सरकार वा प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा स्थानीय तहमा सो कुराको सूचना दिई निर्णय भए वमोजिम गर्नु पर्ने।

(ग) गाउंपालिकाको पूर्व स्वीकृति बिना कुनै कामको निमित्त कुनै किसिमको चन्दा माग्न वा त्यस्तो चन्दा स्वीकार गर्न वा कुनै किसिमको आर्थिक सहायता लिन नहुने।

(घ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको काम कारवाहीमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पत्रपत्रिकामा आफनो वास्तविक वा काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रकाशन गर्न, अनलाइन समाचार माध्यम वा सामाजिक सञ्जाल वा रेडियो वा टेलिभीजन द्वारा प्रसारण गर्न गराउन नहुने।

(ङ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको नीतिको विरोधमा सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशन गर्न नहुने ।

(च) मुलुकी देवानी (संहिता) ऐन विहावारीको महलको विपरित हुने गरी विवाह गर्न गराउन नहुने।

(छ) विदेशी मुलुकको स्थायी बसोवास तथा डि.भी.को लागि आवेदन गर्न नहुने।

(ज) पदाधिकारीले पदीय मर्यादामा आंच आउने गरी कुनै समूह वा व्यक्तिसंग कानुन विपरित वार्ता गर्ने, संझौता गर्ने कार्य गर्न गराउन नहुने।

(झ) कुनै पनि पदाधिकारीले कार्यालयमा वा कार्यालयको काममा वा वैठकमा अनुपस्थित हुने तथा अनुपस्थित हुनुपर्ने अवस्था आएमा सम्बन्धित पदाधिकारी वा अधिकृतलाई अनिवार्य रुपमा सोको जानकारी गराउनुपर्ने।

## परिच्छेद - तीन

## प्रचलित कानुन बमोजिम पालना गर्नुपर्ने आचरणहरु

१०. प्रचलित कानुनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने:

(१) नेपालको संविधान, प्रचलित संघीय तथा प्रदेश कानुन, अदालतको निर्णय वा आदेश तथा कानुन बमोजिम संघ वा प्रदेशले दिएको निर्देशनको सम्मान र पालना गर्न र सो को तत्परतापूर्वक प्रभावकारी रुपमा कार्यान्यवन गर्ने।

(२) प्रचलित कानुन बमोजिम पदाधिकारीहरुको सम्पत्ति बिबरण बुझाउने तथा सार्वजनिक गर्ने।

(३) पदाधिकारीले प्रचलित कानुन बमोजिम स्थानीय तहको बेरुजु तथा पेश्कि फच्छौटको कार्यमा जिम्मेबारी बहन गर्नु पर्ने।

११. शुसासन कायम राख्ने सम्वन्धी कानुनको कार्यान्वयनमा सहयोग गर्नुपर्ने :

(१) पदाधिकारीहरुले प्रचलित कानुन बमोजिम अनुचित कार्य वा भ्रष्टाचार वा अख्तियारीको दुरुपयोग हुने किसिमका आचरण तथा व्यवहारहरु गर्न वा गराउन नहुने र सुशासन कायम राख्नमा सघाउ पुर्याउनुपर्ने।

(२) पदाधिकारीवाट स्थानीय तहमा प्रचलित कानुन बमोजिम अख्तियारको दुरुपयोग ठहरिने कुनै काम वा व्यवहार भएमा सम्बन्धित निकायमा जानकारी दिनुपर्ने र सम्बन्धित निकायबाट हुने छानविन, अनुसन्धान तथा जाँचवुझमा सहयोग गर्नु पर्ने।

तर कानुन बमोजिम भए गरेको कार्यमा दु:ख हैरानी दिने मनशायले हचुवाको भरमा एकले अर्कोलाई अनावश्यक रुपमा गलत मनशाय राखी उजुर गर्ने र अफवाह वा भ्रम फैलाउने कार्य गर्न नहुने।

(३) पदाधिकारीले आफ्नो कार्यसम्पादन गर्दा स्वार्थको द्वन्द देखिन सक्ने बाह्य क्रियाकलाप, रोजगारी, लगानी, सम्पत्ति, उपहार वा लाभ लगायतका कुराहरू बारे आवश्यकतानुसार स्पष्ट गरी कार्य सम्पादन गर्नु पर्ने।

(५) अनुचित कार्य तथा भ्रष्ट्राचारजन्य कार्य हुन नदिन प्रयत्नशिल रहनुपर्ने।

१२. निर्वाचन आचारसंहिताको पालन गर्नुपर्ने :

(१) स्थानीय तहका जनप्रतिनिधिहरुले निर्वाचनका बखत पालना गर्नुपर्ने आचरणहरु निर्वाचन आयोगले तोके बमोजिम पालना गर्नु पर्ने।

(२) स्थानीय तहका पदाधिकारीहरुले निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन तथा पालन गर्न गराउन सहयोग गर्नु पर्ने।

(३) स्थानीय तहका पदाधिकारीहरुले आफ्नो ओहदाको आधारमा प्राप्त सुविधाहरु निर्वाचन प्रचार प्रसार वा सो सँग सम्बन्धित प्रयोजनका लागि आफू वा अरु कसैबाट प्रयोग गर्न वा प्रयोग गराउनको लागि दिन नहुने।

(४) निर्वाचन प्रयोजनका लागि यस्तो सुविधा दिन वा लिनका लागि स्थानीय तहबाट संस्थागत रुपमा कुनै निर्णय गर्न वा गराउन समेत नहुने।

१३. आचारसंहिताको कार्यान्वयनका लागि आवश्यक सहयोग गर्नुपर्ने:

(१) आचारसंहिताको कार्यान्वयन तथा सार्वजनिकीकरणका लागि देहायमा उल्लेखित व्यवस्थाहरु गरिनेछ,

(क) आचारसंहिताको कार्यान्वयन समितिको व्यवस्था गर्ने: कार्यपालिकाले अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यको संयोजकत्वमा आचारसंहिता कार्यान्वयन समिति गठन गर्ने। सो समितिले नियमित रुपमा आचारसंहिता कार्यान्वयनको पक्षलाई सहयोग पुर्याई कार्यपालिकाको बैठकमा नियमित प्रतिवेदन दिनु पर्ने।

(ख) अनुगमन समितिलाई सहयोग पुर्याउनु पर्ने: यस आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन समितिलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराउनुपर्ने ।

(२) पदाधिकारीले आफ्नो कार्यविभाजन तथा कार्यसम्पादन नियमावलीको व्यवस्था बमोजिम जवाफदेही र पारदर्शी सेवा प्रवाहको प्रबन्ध गर्न देहाय बमोजिम गर्न गराउन आवश्यक व्यवस्था गर्ने ।

(क) नागरिक वडापत्र बमोजिम कार्य सम्पादन तथा सेवा प्रवाह गर्नुपर्ने र नागरिक बडापत्र सम्वन्धित सबैको जानकारीका लागि सबैले देख्ने ठाउँमा टाँस गर्नु गराउनु पर्ने।

(ख) स्थानीय तहले नागरिक बडापत्रमा उल्लेख भए अनुसार छिटो छरितो सेवा प्राप्त नभएमा सो उपर गुनासो सुनुवाई हुने र तत्काल गुनासो व्यवस्थापन गरी उपचार हुने व्यवस्था मिलाउनुपर्ने।

(३) हरेक पदाधिकारीले आफुकहाँ आएको गुनासो तत्कालै सुन्ने व्यवस्था मिलाई फच्छ्यौंट गर्नु पर्ने ।

## परिच्चेद - ४

## आचारसंहिताको पालना गर्ने गराउने व्यवस्था

१४. आचारसंहिता अनुगमन समितिको गठन :

(१) कुनै पदाधिकारीले यस आचारसंहिता तथा अन्य प्रचलित संघीय, प्रदेश र स्थानीय कानुन बमोजिम पालना गर्नुपर्ने आचरणहरु उल्लंघन गरे, नगरेको सम्वन्धमा जाँचबुझ तथा अनुगमन गरी आवश्यक कार्यवाहीका लागि सिफारिस गर्नका लागि सभाले सभाका सदस्यहरुमध्येबाट देहाय बमोजिमका पदाधिकारी रहेको एक आचारसंहिता अनुगमन समितिको गठन गर्नेछ।

क. अध्यक्ष- संयोजक

ख. गाउं कार्यपालिकाको सदस्य मध्येबाट छनौट गरेको कम्तिमा एक जना महिला सहित तीन जना -सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(२) अनुगमन समितिका संयोजक, सदस्य तथा सचिवमाथि नै यस आचारसंहिताको उल्लंघनमा उजुरी परी निर्णय गर्नुपर्ने अवस्था भएमा सो बिषयको छलफल, जाँचवुझ तथा निर्णय प्रकृयामा निज सहभागी हुन पाउने छैनन।

(३) यस आचारसंहिताको संयुक्त रुपमा उल्लंघन गरेको भनी अनुगमन समितिका संयोजक, सदस्यहरु तथा सचिवमाथि कुनै उजुरी परेकोमा त्यस उपर सम्बन्धित कार्यसमितिले छानविन गरी त्यसपछि बस्ने सभाको बैठकमा पेश गर्नु पर्नेछ।

(४) अनुगमन समितिका सदस्यहरुको पदावधि सभाले तोके बमोजिम हुनेछ। यस समितिका सदस्यहरु लगातार दुई कार्यकालभन्दा बढीका लागि निर्वाचित हुन सक्ने छैनन्। तर स्थानीय तहको कार्यकाल समाप्त भएको अवस्थामा यस समितिको पदावधि स्वत: समाप्त भएको मानिनेछ।

१५. अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार :

(१) अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :

(क) कुनै पदाधिकारीले आचारसंहिता उलंघन गरे, नगरेको सम्वन्धमा जानकारी वा उजुरी परेमा सो उपर जाँचबुझ तथा छानविन गर्न सक्ने र कुनै गम्भिर कैफियत देखिएकोमा आवश्यक कार्यवाहीका लागि सिफारिस साथ गाउंकार्यपालिका समक्ष पेश गर्ने।

(ख) अनुगमन समितिका सदस्यहरुले गाउंपालिकाको सिफारिश तथा आमन्त्रणमा गाउंपालिकाको जुनसुकै बैठकमा उपस्थित भई आफ्नो कामका बिषयमा जानकारी दिन सक्नेछन् ।

(२) अनुगमन समितिको कामको लागि आवश्यक जनशक्ति, काम गर्ने ठाउँ, सामग्री तथा उचित वातावरण बनाईदिने जिम्मेवारी सम्बन्धित गाउंपालिकाको हुनेछ ।

१६. अनुगमन समितिको बैठक तथा कार्यविधि :

(१) अनुगमन समितिको कार्य संचालन विधि देहायमा उल्लेख भए अनुसार हुनेछ :

(क) अनुगमन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ख) अनुगमन समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

(ग) अनुगमन समितिले कारवाही गर्दा सम्बन्धित पदाधिकारीलाई सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ ।

(घ) अनुगमन समितिले जाँचबुझबाट देखिएको बिबरण सहितको राय प्रतिवेदन सम्वन्धित कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(२) अनुगमन समितिको बैठक तथा जाँचबुझ सम्बन्धी अन्य कार्यविधि समिति आफैंले तोक्न सक्नेछ ।

१७. उजुरी प्रकृया:

(१) गाउंपालिकाको कुनै पदाधिकारीले पेशागत आचरण उल्लंघन गरेकोमा त्यस विषयमा आचारसंहिता अनुगमन समिति समक्ष उजुरी दिन सकिनेछ ।

(२) उपदफा (१) वमोजिम दिइने उजुरीमा कुन पदाधिकारीले कुन आचरण उल्लंघन गरेको हो सो को आधार प्रमाण खुलाउनु पर्नेछ । गाउंपालिकाले उजुरी फारामको नमूना वनाई सवैले सजिलै प्राप्त गर्नसक्ने स्थानमा राख्नुपर्नेछ ।

(३) उजुरीको सम्वन्धमा कारवाही माग गर्दा अनुगमन समितिले उजुरवालासंग थप विवरण वा कागजात माग गर्न सक्नेछ ।

१८. गोपनियता :

(१) अनुगमन समितिले उजुरवालाको नाम गोप्य राख्नु पर्नेछ ।

(२) प्राप्त उजुरीका आधारमा कुनै पदाधिकारीमाथि लागेको आरोपमाथि छानविन जारी रहेको अवस्थामा आरोपित पदाधिकारीको नाम समेत गोप्य राख्नु पर्नेछ ।

२०. जाँचवुझ :

(१) यस आचारसंहितामा उल्लिखित आचरणहरुको उल्लंघन गरेको बिषयमा अनुगमन समितिको राय सुझाव वा प्रतिवेदन आवश्यक कार्वाहीका लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ । प्रतिवेदन पेश गर्नपूर्व सो समितिले देहायका प्रकृयाहरु पूरा गर्नु पर्नेछ ।

(क) कुनै पदाधिकारीका विरुद्ध आचारसंहिता उल्लंघन गरेको कुनै जानकारी वा उजुरी परेकोमा प्राप्त भएकोमा त्यसको आधारमा अनुगमन समितिले कार्वाही गर्न आवश्यक छ वा छैन भनी जाँचवुझ गर्न वा गराउन सक्नेछ ।

(२) जाँचवुझ गर्दा कुनै पदाधिकारी उपर कारवाही गर्नुपर्ने देखिएमा अनुगमन समितिले त्यस्तो पदाधिकारीलाई सफाई पेश गर्न उचित मौका दिनु पर्नेछ ।

(३) सफाई पेश गर्ने मौका दिंदा सम्बन्धित पदाधिकारी विरुद्ध लागेको आरोप र त्यसको आधारहरु प्रष्ट गरी आवश्यक कार्वाहीका लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

२१. अनुगमन समितिको सिफारिश कार्यान्वयन गर्ने :

(१) अनुगमन समितिले यस आचारसंहितामा उल्लेखित कुराहरुको पालन भए नभएको सम्वन्धमा आवश्यक राय, सुझाव तथा सिफारिश सहित कार्यान्वयनका लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(२) अनुगमन समितिबाट प्राप्त प्रतिवेदन तथा राय, सुझाव र सिफारिश उपर कार्यपालिकामा छलफल गरी आवश्यक निर्णय सहित कार्यान्वयन गर्नुपर्नेछ ।

(३) आचारसंहिताको पालनाका बिषयमा स्थानीय तहमा छलफल हुँदाका बखत सम्बन्धित पक्षका प्रतिनिधिहरुलाई सहभागी गराउन सकिनेछ ।

२२. आचारसंहिताको उल्लंघनमा सजाय :

(१) यस आचारसंहिताको कार्यान्वयन गर्दा गाउंपालिकाबाट सजायको रुपमा देहायमा उल्लेखित एक वा सो भन्दा बढी प्रकृयाहरु अपनाउन सकिनेछ ।

(क) सम्बन्धित पदाधिकारीलाई सचेत गराउने ।

(ख) आलोचना तथा आत्मालोचना गर्न लगाइ आवश्यक सुधारका लागि तथा भविश्यमा त्यस्तो कार्य नगर्ने नगराउने कार्य वा व्यवहारका लागि प्रतिबद्द हुन लगाउने ।

(ग) प्रचलित ऐन कानुनको गम्भिर उल्लंघन भएका अवस्थामा सम्बन्धित निकायमा जानकारी गराउने र आवश्यक कार्बाहीका लागि लेखी पठाउने ।

(२) आरोपित पदाधिकारी माथि भएको कुनै पनि कार्बाहीका बिषयमा निज कुनै राजनीतिक दलसंग आवद्ध भएको हकमा सम्बन्धित राजनितिक दललाई जानकारी गराउनु पर्ने ।

२३. कार्वाहीको बिबरण सार्वजनिक गर्नुपर्ने:

(१) आचारसंहिताको कार्यान्वयनका सम्वन्धमा पदाधिकारीमाथि भएको कार्वाहीको बिबरण आम जानकारीका लागि स्थानीय तहको सूचनापाटीमा प्रकाशित गर्नु पर्नेछ । स्थानीय राजनीतिक दलहरु र सरोकारवाला सम्बन्धित निकायलाई सोको जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद - ५

## विविध

२४. आचारसंहिताको पालना गर्नु सबै जनप्रतिनिधिको कर्तव्य हुने:

(१) यो आचारसंहिताको पालना गर्नु जनप्रतिनिधि (पदाधिकारीहरु) को जिम्मेवारी तथा कर्तव्यको एक अभिन्न अंगको रुपमा रहनेछ।

२५. पदाधिकारीलाई आचारसंहिताको जानकारी दिनुपर्ने:

(१) यो आचारसंहिता स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुलाई अनिवार्य रुपमा जानकारी दिई जनप्रतिनिधिहरुलाई हस्ताक्षर गराई गाउंपालिकामा अभिलेख राखी कार्यान्वयन गरिनेछ।

२६. सरोकारवालाहरुलाई आचारसंहिताको जानकारी उपलब्ध गराउनुपर्ने:

(१) स्थानीय तहका पदाधिकारीको आचारसंहिता, समय समयमा आचार संहितामा भएको संशोधनको विवरण तथा आचारसंहिताको कार्यान्वयनका विवरणहरुको वारेमा सरोकारवाला सम्बन्धित निकायलाई जानकारी गराउनु पर्नेछ।

२७. आचारसंहिताको कार्यान्यनमा राजनीतिक दलको सहयोग:

(१) कुनै पदाधिकारीबाट यस आचारसंहिताको उल्लंघन भएको ठहर भएमा निजमाथि लागेको आरोप तथा सो सम्बन्धमा सिफारिश भएको कार्वाहीको विवरण समेत सम्बन्धित पदाधिकारी सम्बद्ध राजनीतिक दललाई जानकारी गराउनु पर्नेछ।

(२) जाँचवुझका आधारमा पदाधिकारी उपर कार्वाहीका लागि भएको सिफारिशको कार्यान्वयन गर्ने वा सचेत गराउने काममा आवश्यकतानुसार सरकारी निकाय एवं राजनीतिक दलहरुको सहयोग लिन सकिनेछ।

२८. आचारसंहितामा संशोधन :

(१) लिखु तामाकोशी गाउंपालिकाले आफ्नो स्थानीय विशिष्ठता, कार्यप्रकृति र आवश्यकता अनुसार गाउंसभाबाट यस आचारसंहितामा समय समयमा थपघट गरी समसामयिक हेरफेर तथा संशोधन गरी कार्यान्वयनमा ल्याउन सक्नेछ ।

(२) आचारसंहितामा भएको संशोधनको जानकारी लिखु तामाकोशी गाउंपालिकाका सम्बन्धित सबै पदाधिकारी, कर्मचारी तथा सरोकारवालाहरुलाई दिनु पर्नेछ।